नेपाल सरकार

वन तथा भू-संरक्षण मन्त्रालय

राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभाग

## चितवन राष्ट्रिय निकुञ्ज कार्यालय

## गिद्ध प्रजनन् केन्द्रमा पहिलो पटक गिद्धले बच्चा जन्माएको अवसरमा जारी गरिएको प्रेस विज्ञप्ती

बिगतको तुलनामा नेपालमा पछिल्लो समयमा गिद्धको संख्या घटेर लोप हुने अवस्थामा पुगेकोले सो को संरक्षणको लागि चितवन राष्ट्रिय निकुञ्जको कसरामा सन् २००८ (वि.सं.२०६५) मा गिद्ध संरक्षण प्रजनन् केन्द्र स्थापना गरिएको छ । स्थापना कालमा १४ वटा डंगर गिद्धका (White rumped Vulture) बच्चाहरु कास्की जिल्लाको हेमजा गाविसबाट र दोस्रो तेस्रो वर्ष पाल्पा, रुपन्देही,दाङ,कपिलवस्तु लगायतका स्थानबाट समातेर ल्याई पालनपोषणको कार्य शुरु गरिएको थियो । दोस्रो बर्ष ३० र तेस्रो बर्ष २० वटा बच्चा प्राकृतिक अवस्थाबाट पालनको लागि ल्याईएको थियो । हाल गिद्ध संरक्षण प्रजनन् केन्द्रमा ५७ गिद्ध रहेका छन ।




घरपालुवा गाई भैंसीहरुलाई उपचारको लागि Diclofenac नामक औषधी खुवाउने गरेको र Diclofenac औषधीबाट उपचार भएका गाई भैंसीको मृत्युपछि त्यस्तो सिनो खांदा मृगौलाले काम नगर्दा गिद्धको मृत्यु हुने गरेको तथ्य पत्ता लागेपछि सो औषधीको प्रयोगमा नेपाल सरकारबाट रोक लगाइयो । यसरी औषधीको बिक्री वितरण वन्द गरेता पनि गिद्धको संख्या धेरै कम भई सकेकोले यस निकुञ्जको कसराको जंगल क्षेत्रमा नेपालमा पहिलो पटक गिद्ध संरक्षण प्रजनन् केन्द्र स्थापना गरिएको हो । Diclofenac Free रांगाको मासु खुवाएर पालन पोषण गरिएका गिद्ध मध्ये २०७० माघ १ गते एउटा जोडीले अण्डा पारेको थियो । अण्डा पारेको ६१ दिनमा उक्त अण्डाबाट मिति २०७०।१२।२ गते दिनको ४:२५ बजे १ चल्ला जन्मिएको छ । यसरी Captive मा पालिएका गिद्धबाट अण्डा पारी, अण्डा कोरल्ने र पहिलो पटक चल्ला जन्मिएपछि गिद्ध प्रजननमा सफलता मिलेको छ ।

..........................

सहायक संरक्षण अधिकृत

(टिकाराम पौडेल)

सूचना अधिकारी/ सहायक संरक्षण अधिकृत

मिति : २०७०।१२।२३